Website:besishaharmun.gov.np
Email: info@besishaharmun.gov.np

वेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
राजश्व....... शाखा
वेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

फोन नं. ०६६-५२०२०४
०६६-५२०१५०
फ्याक्स नं. ०६६-५२०२०४

पत्र संख्याः-
चलानी नम्बरः- २०७७७८

मितिः- २०७७०७१८

**ढुंगा, गिटी, बालुवा तथा ग्राभेल उत्खनन्, संकलन र विक्री कार्यको लागि गरिने प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को प्रस्ताव आब्हान सम्बन्धी**

# सूचना ! सूचना !! सूचना !!!

**(प्रथम पटक प्रकाशित मिति : २०७७/०७/१८ गते)**

बेसीशहर नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधी, २०७७ को अधिनमा रही बेसीशहर नगरपालिका क्षेत्रभित्र रहेका नदी तथा खोलाहरु (मर्स्याङदी नदी र दोर्दी खोला) मा रहेका नदीजन्य पदार्थ (ढुंगा, गिटी, वालुवा, ग्राभेल आदि) उत्खनन्, संकलन तथा विक्री कार्यको लागि परामर्शदाताको आवश्यक परेको हुँदा प्रचलित कानून अनुसार रितपूर्वक दर्ता भएका सम्बन्धित इच्छुक परामर्शदाता कम्पनी वा फर्महरुबाट वातावरणीय अध्ययनको कार्यविधि, कार्यतालिका र अध्ययनमा संलग्न हुने परामर्शदाताहरुको विवरण सहितको प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव छुट्टाछुट्टै खामबन्दी गरी एकमुष्ठ रुपमा सिलवन्दी गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आफ्नो कम्पनी वा फर्म दर्ता नवीकरण प्रमाण पत्र, भ्याट दर्ताको प्रमाण पत्र, आ.व. २०७६।०७७ को कर चुक्ताको प्रमाण पत्र, प्रोफाईल, सम्बन्धित कामको अनुभवको विवरण/प्रमाणपत्र समेत संलग्न गरी आठौं दिनको १२:०० बजेभित्र यस कार्यालयमा पेश गर्नहुन जानकारी गराइन्छ । प्राप्त कम्पनी वा फर्महरुको संलग्न कागजात, कार्य अनुभव तथा परामर्शदाता टोलीका सदस्यहरुको योग्यता र अनुभवका आधारमा प्रस्तावको छनौट गरिने छ । अन्य थप जानकारीका लागि यस कार्यालयको सूचनापाटी तथा कार्यालयको वेभसाईट www.besisaharmun.gov.np मा तथा राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

## तपसिल

| क्र.सं. | कामको विवरण | IEE गर्नुपर्ने घाटको संख्या | कैफियत |
|---|---|---|---|
| १) | बेसीशहर नगरपालिका क्षेत्रभित्रका नदी तथा खोलामा रहेका घाटहरुबाट नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा विक्री कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गरी स्वीकृत गर्ने कार्य । | मर्स्याङदी नदी - १४ वटा<br>दोर्दी खोला - १ वटा | |

.............................
पुष्पराज...
प्रमुख प्रशासकीय अधिकृत